Aug 26, 2025

National News

प्रमुख समाचार

1. प्रधानमन्त्रीद्वारा हाइब्रिड ब्याट्री इलेक्ट्रोड उत्पादनको शुभारम्भ

2. राष्ट्रपतिले गणेश चतुर्थीको पूर्वसन्ध्यामा देशवासीलाई दिनुभयो शुभकामना

3. रक्षामन्त्रीले दुई उन्नत युद्धपोतलाई गराउनुभयो जलावतरण

4. सञ्चार राज्यमन्त्रीले इन्डियो पोस्ट र इन्डिया पोस्ट पेमेन्ट्स ब्याङ्क कार्यप्रणालीको गर्नुभयो समीक्षा

5. उच्च अदालतहरूले फैसला दिन गरेको ढिलाइप्रति सर्वोच्च अदालतले लियो कडा अडान

PM-Gujarat

प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको टी.डी.एस लिथियम आयन ब्याट्री प्लान्टमा हाइब्रिड ब्याट्री इलेक्ट्रोडको उत्पादन सुरु गरेपछि भेलालाई सम्बोधन गर्दै, भारतको मेक इन इन्डिया यात्रामा नयाँ अध्याय थपिँदै गएको बताउनुभयो। उहाँले आज मेक इन इन्डिया र मेक फर द वर्ल्डको राष्ट्रिय लक्ष्यमा महत्त्वपूर्ण दिन भएको बताउनुभयो। प्रधानमन्त्रीले यस अवसरले भारत र जापानबीचको मित्रतालाई नयाँ आयाम दिने बताउनुभयो। प्रधानमन्त्रीले भारत र जापानबीचको सुदृढ साझेदारीलाई उल्लेख गर्नुभयो र २०४७ सम्ममा आत्मनिर्भर बन्ने भारतको यात्रामा जापानलाई एक प्रमुख विकास साझेदार देशका रूपमा पुन: पुष्टि गर्नुभयो।

Prez-Ganesh

राष्ट्रपति द्रौपदी मुर्मुले गणेश चतुर्थीको पूर्वसन्ध्यामा देशवासीलाई शुभकामना दिनुभएको छ। उहाँले आफ्नो सन्देशमा यस पर्वले मानिसहरूलाई नयाँ लक्ष्य र सकारात्मक भावनाका साथ अगाडि बढ्न प्रेरित गर्छ भन्दै, मानिसहरूलाई वातावरण संरक्षणका साथ यो पर्व मनाउन अनि स्वच्छ, हरियाली र समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याउन आग्रह गर्नुभयो। यो पर्व अत्यन्त श्रद्धा र उत्साहका साथ मनाइन्छ, जसमा भगवान गणेशलाई बुद्धि र कल्याणको स्रोतका रूपमा पूजा गरिन्छ।

## Rajnath

रक्षामन्त्री राजनाथ सिंहले आज विशाखापट्टनममा भारतीय नौसेनाको दुई उन्नत युद्धपोत, आई.एन.एस उदयगिरी र आई.एन.एस हिमगिरी-लाई जलावतरण गराउनुभयो। यस अवसरमा बोल्दै, रक्षामन्त्रीले यसले भारत सरकारको 'मेक इन इन्डिया' र 'आत्मनिर्भर भारत' पहलहरूको सफलतालाई प्रतिबिम्बित गर्दछ भन्नुभयो। पहिलो पटक, भारतका दुई प्रतिष्ठित शिपयार्डहरूबाट एकैसाथ दुई प्रमुख लडाकु जहाजहरू जलावतरण गरिएको छ। यसले भारतको द्रुत गतिमा बढ्दो नौसेना आधुनिकीकरण र उन्नत युद्धपोतहरू निर्माण गर्ने क्षमतालाई प्रतिबिम्बित गर्दछ।

## Indian Post

सञ्चार राज्यमन्त्री डा. चन्द्रशेखर पेम्मासानीले आज नयाँ दिल्लीमा इन्डिया पोस्ट र इन्डिया पोस्ट पेमेन्ट्स बैंक कार्यप्रणालीको समीक्षा गर्नुभयो। बैठकमा डिजिटल पहल, ग्राहक सुविधा र देशभरि हुलाक सेवाहरूलाई अझ सुलभ बनाउनेबारे छलफल गरियो। बैठकक ा क्रममा श्री पेम्मासानीले इन्डिया पोस्ट र इन्डिया पोस्ट पेमेन्ट्स बैंकबीचको घनिष्ठ समन्वयको आवश्यकतामा जोड दिनुभयो ताकि दुर्गम क्षेत्रहरूमा बस्ने मानिसहरूले किफायती र भरपर्दा सेवाहरू प्राप्त गरिरहन सकून्। श्री पेम्मासानीले विश्वास, वित्तीय समावेशीकरण र अन्तिम माइल पहुँच प्रमुख प्राथमिकताहरू रहेको बताउनुभयो। १२ करोडभन्दा बढी ग्राहकहरू, २ हजार करोडभन्दा बढी राजस्व र १३४ करोड रुपियाँ नाफाका साथ, इन्डिया पोस्ट पेमेन्ट्स बैंकले विगत दुई वर्षमा ६० देखि ७० प्रतिशतको चक्रवृद्धि वार्षिक वृद्धि दर रेकर्ड गर िएको छ।

## Supreme Court

सुनुवाइ पूरा भए पनि उच्च अदालतहरूले फैसला दिन गरेको ढिलाइप्रति सर्वोच्च अदालतले कडा अडान लिएको छ। यस्तो अवस्थाले न्यायिक प्रक्रियामा वादीको भरोसा टुट्ने सर्वोच्च अदालतको भनाइ छ। न्यायमूर्ति संजय करोल र न्यायमूर्ति प्रशान्त कुमार मिश्रको इजलासले भनेको छ, यदि सुरक्षित राखेको तीन महिनासम्म पनि फैसला नदिएमा रजिस्ट्रार जनरलले उच्च अदालतको प्रधानन्यायाधीश समक्ष मुद्दा ल्याउनुपर्छ। प्रधानन्यायाधीशले सम्बन्धित इजलासलाई दुई हप्ताभित्र फैसला दिन लगाउनेछन्। यदि त्यतिबेला पनि फैसला नदिएमा प्रधानन्यायाधीशले मुद्दा अर्को इजलासमा तोक्नेछन्। प्रत्येक उच्च अदालतका रजिस्ट्रार जनरलले सुरक्षित राखिएका फैसला नदिएका मुद्दाहरूको सूची एकै महिनामा प्रधानन्यायाधीश समक्ष पेश गर्नुपर्छ र तीन महिनासम्म त्यसो गर्नुपर्छ। स्मरण रहोस्, २००८ देखि इलाहाबाद उच्च अदालतमा विचाराधीन आपराधिक याचिकासँग सम्बन्धित विशेष अनुमति याचिकालाई खारेज गर्दै, सर्वोच्च अदालतले यसप्रति आश्चर्य व्यक्त गरेको छ।

सर्वोच्च अदालतले उच्च अदालतमा याचिकाको सुनुवाइ भएको मितिबाट लगभग एक वर्षसम्म निर्णय नदिएको बताएको छ।

## Delhi GST Conference

कन्फेडेरेसन अफ अल इन्डिया ट्रेडर्स, क्याटले आज दिल्लीको कन्स्टिट्युसन क्लबमा वस्तु तथा सेवा कर,जीएसटीमा थप सुधारका सम्बन्धमा व्यापारी सम्मेलन आयोजना गरेको छ। यस सम्मेलनमा देशभरिका व्यापारी, कर विज्ञ र नीति निर्माताहरू भेला भएका थिए र जीएसटीलाई अझ सरल, पारदर्शी र व्यापारमैत्री बनाउन आवश्यक सुधारहरूबारे विस्तृत रूपमा छलफल गरेका थिए। सम्मेलनको अध्यक्षता गर्दै, क्याटका राष्ट्रिय महासचिव प्रवीण खण्डेलवालले वर्तमान जी.एस.टी प्रणालीमा व्यापारीहरूले सामना गरिरहेका कठिनाइहरूमाथि प्रकाश पार्नुभयो र सुधारका लागि सुझावहरू प्रस्तुत गर्नुभयो। उहाँले व्यावहारिक जीएसटी संरचनाले अनुपालनलाई सहज बनाउनुका साथै कर सङ्कलन बढाउन र कर आधार विस्तार गर्न मद्दत गर्नेछ, जसले देशको आर्थिक विकासलाई गति दिनेछ।

## CBIC-GST

केन्द्रीय उत्पादन शुल्क कर तथा भन्सार बोर्डले मानिसहरूलाई जी.एस.टी दरहरूबारे अनुमान नगर्न अनुरोध गरेको छ। बोर्डले भनेको छ, जीएसटी दरहरूबारे निर्णय जीएसटी परिषद्ले लिन्छ, जसमा केन्द्र र राज्यका प्रतिनिधिहरू हुन्छन्। बोर्डले अग्रिम अनुमान लगाउनाले अफवाह फैलिन्छ र बजारमा अस्थिरता निम्त्याउन सक्छ भनेको छ। बोर्डले सेप्टेम्बर ३ र ४ मा जीएसटी परिषद्को बैठकपछि आधिकारिक घोषणाका लागि पर्खन सल्लाह दिएको छ।

## Hartalika Teej

नेपालमा आज हरितालिका तीजको अवसरमा, हजारौँ हिन्दू महिलाहरूले बिना खाना र पानी व्रत बसेर पशुपतिनाथ मन्दिरको दर्शन गरे। हाम्रो संवाददाताका अनुसार, पशुपतिनाथ मन्दिरका ढोकाहरू बिहान ३ बजेदेखि महिला भक्तहरूका लागि खुला गरिएका थिए। पशुपतिनाथ मन्दिरबाहिर रातो साडी लगाएर परम्परागत गहना र फूलहरूले सजिएका महिलाहरूको लामो लाइन देखियो। नेपालमा, महिलाहरूले आफ्ना आमाबाबुको घरमा गएर, नाच्दै, गाउँदै र उपवास बसी भगवान शिव र पार्वतीको पूजाआजा गरेर यो पर्व मनाउँछन्। लोकप्रिय मन्दिरहरूमा भीड व्यवस्थापन गर्न सुरक्षा कडा पारिएको थियो। काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा महिलाहरूका लागि निःशुल्क स्वास्थ्य जाँचको

आयोजना गरिएको थियो। नेपालका राष्ट्रपति रामचन्द्र पौडेलले तीज पर्वको अवसरमा सन्देश जारी गर्दै, तीजलाई प्रेम, स्नेह, रचनात्मकता र नेपालको सांस्कृतिक सम्पदाको संरक्षणको प्रतीकका रूपमा प्रकाश पार्नुभयो।

## Ayurveda

आयुर्वेद दिवस सेप्टेम्बर २३ मा मनाइनेछ। स्थापना भएदेखिकै यो पहिलो पटक आयुर्वेद दिवस मनाउन निश्चित मिति तय गरिएको छ। यसअघि धन्वन्तरी जयन्तीमा आयुर्वेद दिवस मनाईंदै आएको थियो। यस वर्षको विषयवस्तु मानिस र ग्रहका लागि आयुर्वेद रहेको छ। केन्द्रीय आयुर्वेद राज्यमन्त्री प्रतापराव जाधवले आयुर्वेद केवल स्वास्थ्य सेवा प्रणाली मात्र नभई, यो व्यक्ति र वातावरणबीचको सद्भावको सिद्धान्तमा आधारित जीवनको विज्ञान हो भन्नुभएको छ। श्री जाधवले सेप्टेम्बर २३ लाई आयुर्वेद दिवस घोषणा गरेर भारतले आयुर्वेदलाई विश्वव्यापी पहिचान दिएको बताउनुभयो। आयुर्वेद मन्त्रालयले दिएको जानकारीअनुसार, नवौँ आयुर्वेद दिवसको उत्सवमा जागरूकता अभियान, युवा संलग्नता कार्यक्रम, स्वास्थ्य परामर्श मन्त्रालय र यसका संस्थाहरूद्वारा समन्वय गरिएको अन्तर्राष्ट्रिय सहकार्य समावेश हुनेछ।

## Chess

चेसमा, भारतीय ग्रान्डमास्टर आर. प्रज्ञानानन्धाले सिंकफिल्ड कपको सातौँ चरणमा फ्रान्सका अलिरेजा फिरोज्जालाई पराजित गरे। यो जितसँगै उनले प्रतियोगितामा संयुक्त अग्रता लिएका छन्। लगातार बराबरीपछि यो उनको दोस्रो जित हो। यससँगै उनको क ुल अङ्क चार दशमलव स्थानमा पुगेको छ र उनी अमेरिकाका फाबियानो कारुआनासँग बराबरी भएका छन्।

## Hockey

हकी इन्डियाले बिहारको राजगीरमा आयोजना हुने हक्की पुरुष एसिया कप २०२५ का सबै खेलहरूमा आगन्तुकहरूका लागि प्रवेश नि:शुल्क हुने घोषणा गरेको छ। यो प्रतियोगिता २९ अगस्टदेखि ७ सेप्टेम्बरसम्म राजगीर हक्की स्टेडियममा हुनेछ। प्रतियोगितामा भारत, जापान, चीन, काजाकिस्तान, मलेसिया, कोरिया र बंगलादेशले भाग लिनेछन्। यो प्रतियोगिता २०२६ को FIH हक्की विश्वकपका लागि छनोट पनि हो। भारत, जापान, चीन र काजाकिस्तान पूल-ए मा छन्। समूह चरणमा भारतीय टोलीले अगस्ट २९ मा चीन, अगस्ट ३१ मा जापान र सेप्टेम्बर १ मा काजाकिस्तानसँग सामना गर्नेछ। हक्की इन्डियाका प्रमुख दिलीप तिर्कीले यो प्रतियोगिता भारतीय हक्कीका लागि ऐतिहासिक क्षण भएको बताए।